# सघीय संसद

## संयुक्त बैठक
## **चौथो अधिवेशन**

# बैठकको कारवाहीको संक्षिप्त विवरण
# २०७६

(सूचना पत्र - २)

प्रारम्भ मिति :-
**२०७६ साल वैशाख १६ गते सोमबार**

अन्त्य मिति :-
**२०७६ साल असोज २ गते बिहिबार**

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा
संसद्भवन, सिंहदरबार
काठमाडौं

# संघीय संसद
# संयुक्त बैठक
## चौथो अधिवेशन

*बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण*

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०७६/०१/२० | ४:१० | ५:५५ |
| २. | २ | २०७६/०२/१५ | ४:०० | ६:२५ |

# संघीय संसद

चौथो अधिवेशन

# संयुक्त बैठक

## बैठक संख्या - १

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख २० गते शुक्रबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीले सम्बोधनको प्रति सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले बैठक स्थगित भएपश्चात पनि आ-आफ्नो स्थानमा उभिएर सम्माननीय राष्ट्रपति महोदयलाई विदाई गर्नहुन मा० सदस्यहरुलाई आग्रह गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक अपरान्ह ५:५५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई<br>
संघीय संसदको महासचिव

# संघीय संसद

सूचना पत्र –४

२०७६ साल जेठ १४ गते

मंगलबार

आ. व. २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने प्रयोजनको लागि सम्माननीय सभामुखले मिति २०७६ साल जेठ १५ गते बुधबार दिनको ४ :०० बजे संघीय संसदको संयुक्त बैठक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा बस्ने गरी तोक्नुभएकोले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम ३ को उपनियम (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**मनोहरप्रसाद भट्टराई**
**संघीय संसदको महासचिव**

# संघीय संसद

चौथो अधिवेशन

# संयुक्त बैठक

## बैठक संख्या - २

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ १५ गते बुधबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले आ.व. २०७६/०७७ को लागि कुल १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य) सदन समक्ष प्रस्तुत गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक अपरान्ह ६:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव